नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं चैत्र १४ गते २०१३ साल [अतिरिक्ताङ्क १८

०१३-१४ सालको बजेट रिपोर्ट (क)

५५।०१३ १४।१२।०१३

१. बजेट राष्ट्रको प्रशासनको एक मूलभूत अङ्ग हो। यो केवल आय व्ययको लेखाजोखा मात्र होइन। यो हो, आगामी वर्षमा हुने राष्ट्रिय जीवनका क्षेत्रहरूमा सरकारबाट गरिने हरएक गतिविधि र रचनात्मक हाँकहरूको, तस्वीर। हाम्रो देशमा २००७ सालभन्दा अघि आय व्ययको लेख मात्र राख्ने चलन थियो र त्यो पनि जनताको समक्ष पेश गरिंदैन थियो। राजनैतिक परिवर्तनका बाद २००८ सालमा, बजेटको रूपरेखा खडा गरी जनतासमक्ष पेश गर्ने पहिलो प्रयास भयो। त्यसपछि एनि एक दुइ पटक बजेट प्रकाशित भए। तर तिनको रूप यथार्थ थिएन। कारण, यथार्थ वैज्ञानिक तरिकाले बजेट तैयार गर्ने उपयुक्त साधन र तरिका हाम्रो प्रशासकीय यन्त्रमा आज पनि पूर्णरूपेण तयार भैसकेको छैन। यसैले यो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सालको बजेट अगाडि नै प्रकाशित भइसक्नुपर्ने हो तापनि सो हुन सकेन ढिलै भए पनि हामीले यो आर्थिक वर्षको बजेट जनताका सामुन्ने पेश गरेका छौं।

२. यो सबैलाई थाहा भएकै कुरा हो कि हाम्रो देशको आमदानी पुरानो शासनमा भन्दा विशेष बढेको छैन। तर, सरकारले प्रशासनमा आमूल शासन व्यवस्थाको सट्टा महँगो प्रजातान्त्रिक व्यवस्था चलाएकु मात्र छैन, हरएक क्षेत्रमा जनताको बढ्दो माग्लाई पनि पूरा गर्नु छ र एक जनहित राज्य शासन प्रणाली चलाउनु छ। यसमाथि अरू धेरै कामहरू पनि सरकारले शुरु गर्नु परेको छ, जसको फल तत्काल प्राप्त हुन नसके तापनि पछि परन्तु सुनिश्चित छ। पछि फल्ने फलको निमित्त अहिले प्रशस्त मल जल गर्नु छ। अतः आमदानीभन्दा खर्च धेरै हुनु, भएको देखिनु स्वाभाविक हो।

३. यो आय व्यय सन्तुलनको समस्या केवल सरकारको सामुन्ने मात्र सीमित नभई सारा जनताको सामु उपस्थित छ। त्यसले यसमा सबै देशवासीहरूले घासो देखाउनु स्वाभाविक मात्र होइन, आवश्यक पनि छ। जनताबाट थोर बहुत गरी जम्मा हुन आएको यो रकम के कस्तो हिसाबले खर्च हुने भएको छ, त्यसको फाँट देखाउनु सरकारको एक मुख्य कर्तव्य हो किन भने प्रजातन्त्रमा जनता र सरकारको हित गाँसिएको छ। सरकारको काम जनहितको नीति निर्धार गरी जनताको सामुन्ने राख्ने हो। सो नीति समर्थन गरी कार्यरूपमा परिणत गर्ने, सरकारलाई सहयोग दिने काम जनताको हो।

४. [क] २०१२।१३ सालमा सामान्यतर्फ मोरु १,३७,५१,०००, भा. रु. २,७६,६९,००० आमदानी र मोरु ३,३६,१२,०००, भा. रु. २,४३,४०,००० खर्च हुने अनुमान गरिएकोबाट मोरु १,९८,६१,००० न्यून र भा. रु. ३३,२९,००० अधिक हुने अनुमान भएको थियो। तथा विशेषतर्फ आमदानी मोरु २३,३८,०००, भा.रु. ३८,८१,००० र खर्च मोरु १८,९१,०००, भा.रु. ३८,८१,००० हुने अनुमानबाट मो.रु. ४,४७,००० अधिक हुने अनुमान गरिएको थियो। तर संशोधित अनुमानमा सामान्यतर्फ आमदानी मो. रु. १,५१,७३,०००, भा. रू. २,९८,३०,००० र खर्च मो. रु ३,३३,७४,०००, भा. रु. २,०३,८१,००० हुन आई मो. रु. मा १,८२,०१,००० न्यून र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भारुमा ९५, ०३, ००० अधिक तथा विशेषतर्फ आमदानी मोरु, २७, ९१, ०००, भारु. ३८, ८१,०००, र खर्च मोरु. ११, २२, ०००, भारु. २६, ४०, ०००. हुन आई मोरु. १६, ७१, ०००. र भारु. १२, ४१, ०००. अधिक हुन आएको छ। अनुमानमा मोरु भारु दुबै गरी सामान्यतर्फ १, ६५,३२,०००. न्यून र विशेषतर्फ ४,४७,००० अधिक भै जम्माजम्मीमा १,६०, ८५, ००० न्यून हुने भएकोमा संशोधित अनुमानमा मोरु. भारु. दुबै गरी सामान्यतर्फ ८६, ९८,०००. न्यून र विशेषतर्फ २९, १२, ०००, अधिक भै जम्माजम्मीमा ५७, ८६, ०००. मात्र न्यून देखन गया। मोरु भारु दुवैको जम्माजम्मीमा अनुमानभन्दा संशोधित अनुमानको आमदानीमा सामान्यतर्फ ३६, ४३, ०००, र विशेषतर्फ ४, ५५, ०००. समेत ४०, ९८, ०००. बढी हुन आएको छ तापान खर्चमा सामान्यतर्फ ७८, ३४, ०००. र विशेषतर्फ २४, ६५, ०००, समेत १, ०२, ९९, ०००. घटी हुन गएको देखियो। संशोधित अनुमानमा आमदानीतर्फ बृद्धि नै नभएको भए पनि खर्चमा अनुमानभन्दा सामान्यतर्फ ४१,९१, ०००. र विशेषतर्फ २०, १०, ०००. गरी ६२, ०१, ०००. घटी हुने देखियो। संशोधित अनुमानमा खर्च तर्फ कम हुनाको मुख्य कारण हाम्रो देशमा विशेषज्ञको कमीले विकास र रचनात्मक कामहरू चिताएबमोजिम पूर्णतया हुन नसक्नु नै हो।

[ख] यो २०१३।१४ आर्थिक वर्षमा सामान्य आमदानी खर्चतर्फ आमदानी मोरु. १,५६,९८,०००. भारु. ३,५६,०३,०००. र खर्च मोरु ३,७३, ३३, ०००. भारु. २, ९७, ७२, ०००, हुने अनुमान गरिएको छ। यसबाट मोरु. तर्फ २, १६, ३५, ०००. न्यून र भारुमा १, २८, ३१, ०००. अधिक हुन आउंदछ।

[ग] विशेष आमदानी खर्चतर्फ २०१३।१४ का सामान्य आमदानीमा टक्सारको परल खर्चको अनुमानबाट मात्र आमदानी देखाइएकोले सो भन्दा बढी टक्सारी भएको रकम कतै पनि आमदानीमा नदेखाएमा हिसाब मिल्न नसक्न हुंदा सो रकमको मोरु ३५, ००, ०००. र विशेष खर्च निमित्त पब्लिक डि. एम्. रकमको मौजदातबाट भारु. ३०, ००, ०००. सापटी लिई आमदानीमा देखाइएको छ। विशेष खर्च सामान्य खर्चबाट छुट्याउन सबै प्रगतिशील मुलुकहरूले पनि एक समस्या नै सम्झेका छन्। यो छुट्याउने रेखा बहुत मिहीन छ तापनि [१] सरकारिया जाय ज्यथा बढाउने, जस्तै भवन निर्माणजस्मा खरिद [२] सरकारिया आमदानी बढाउने

योजना उदाहरण विद्युत उत्पादन गर्न, डिजेल प्लान्टको मोल, रेल, रोप, नहर निर्माण इत्यादि विशेष खर्चमा राखिदिएको छ। यस्तो खर्च यस वर्षमा मोरु. ७,८७,०००. भारु. ३१,१६,०००. हुने अनुमान गरिएको छ। यसबाट मोरुमा २७,१३,०००. अधिक र भारु. तर्फ १,१६,०००. न्यून हुने हुन्छ। उपरोक्त किसिमको खर्च राष्ट्रिय ऋण उठाई गर्न चलन विकासित देशहरुमा देखिन्छ तापनि हालसालै हाम्रो मुलुकमा सो हुने सम्भावना कम भएकोल खर्च विशेष आमदानी र विभिन्न रकमको जगेडा कोषबाट बेहोर्न गरिएको हो।

[घ] सामान्य आमदानी खर्च तर्फको मोरु. २,१६,३५,०००. न्यून र भा. रु. १,२८,३१,०००. अधिक तथा विशेष आमदानी खर्च तर्फको मो. रु. २७,१३,०००. अधिक र भा. रु. १,१६,०००. न्यून मिलाउँदा सामान्य विशेष दुवै तर्फ गरी जम्माजम्मी मो. रु. १,८९,२२,०००. न्यून र भा रु. १,२७,१५,००० अधिक हुन आउने भएको छ। अधिक हुने अनुमानित भा. रु. १,२७,१५,०००. को १२८ दरले हिसाबगर्दा मोरु. १,६२,७५,०००. हुन आई जम्माजम्मामा मोरु २६,४७,००० न्यून हुने देखिन्छ।

५, उपरोक्त बमोजिम यो आर्थिक वर्षमा जम्माजम्मामा आमदानी मन्दा मो. रु. २६,४७,०००. बढी खर्च हुने भएको सविवरण परिशिष्ट-बाट स्पष्ट देखिनेछ। तर मुलुकको विकासार्थ रचनात्मक काम जति सकिन्छ, उति तीव्र मात्रामा गर्नु उचित हुँदा त्यसको निमित्त आजलम्ममा ठूलो रकम [मोरु. २२,९४,०००. भारु. ४५,८७,०००.] पूरक बजेट-बाट बेहोर्ने गरी निकासा भैसकेको पनि छ। यस बाहेक यो आर्थिक वर्ष-को आखिरीसम्ममा रचनात्मक कामहरू बढाउँदै लगिएको र लगिने हुँदा पर्याप्त मात्रामा बढी खर्च हुन जाने भएको पनि छ। सो खर्च पनि हामीले बेहोर्न बाध्य हुन परेको छ।

६, प्रजातन्त्र—प्रणालीको साधारण सम्पादनमा पर्याप्त र सुयोग्य प्रशासकीय यन्त्रको आवश्यकता पर्न आउँछ, झन् कुनै निर्माण कार्य योजनाबद्ध तरिकाले गर्नु परेको छ भने त त्यस यन्त्रको-अङ्ग विस्तार अनिवार्य बन्द छ। कोरा विस्तारले मात्र पुग्दैन, योग्यता र योग्यताको समुचित कदर र वेतनको व्यवस्था, योग्यताको उत्तरोत्तर विकास हुने कार्य प्रबन्ध अथवा परिस्थिको सिर्जना, तालिमको प्रबन्ध आदि प्रस्तुत गर्न विशेष जरूरी भएकोले सरकारले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस वर्ष यसतर्फ विशेष ध्यान दिएको छ। साथै क्षेत्रीय पुनर्गठन र प्रकाशनको जीर्णोद्धार र पुनरुत्थान पनि अत्यावश्यक हुन आएको छ। त्यसैले या आनवार्य आवश्यकताहरूलाई पूर्ति गर्दा खर्चको रकममा निकै बढति हुन गएको छ।

७] प्रजातान्त्रिक व्यवस्थाका मौलिक आधारको रचनामा पनि सरकाले यस वर्ष पर्याप्त खर्च गर्नु परेको छ। वैज्ञानिक रीतिको जनगणना गराई यस वर्ष आम चुनावको पनि तैयारी गर्नु परेको छ। यसभन्दा आधग्राम पञ्चायत र जिल्लापञ्चायतको गठन सरकारले गरिहाल्नु परेको छ। ग्राम-पञ्चायत प्रजातन्त्रवादको आधार भएकाले र प्रशासनको जिम्मेवारी विकेन्द्रीयरण गरी सकेसम्मको स्थानीय निकायमै सुम्पनु उचित भएकोले प्रजातन्त्र-वादी यस प्रणालीमा सरकारले, आजसम्मको इतिहासमा खर्च भएको रकम-को सयकडा गुणा अधिक खर्च गर्नु परेको छ।

८)प्रजातन्त्र प्रणाली भन्नासाथ शिक्षाको प्रसारको आवश्यकता स्वयमेव स्पष्ट हुन्छ। वस्तुतः यतापाट्ट हामी जनताले पनि पर्याप्त ध्यान दिएको देखिन्छ। कुनै गाउँ यस्तो नहोला जसले शिक्षाको माग नगरेको होला। जनताको मागको ध्यान राखी र देशको सामान्य आवश्यकता प्रति पनि विचार गरी सरकारले शिक्षामा सकेसम्म खर्च बढाएको छ। २०१२।१३ सालको शिक्षामा जुन खर्च भएको थियो त्योभन्दा यस आर्थिक वर्षमा करीब १३. प्रतिशत बढेको छ। यो रकम पञ्चवर्षीय योजनामा छुट्याइएको रकमभन्दा छुट्टै हो र यसमा प्राइमरी स्कूलदेखि बी. ए. कक्षासम्मको पठन पाठनको व्यवस्थाको वृद्धि सन्निहित छ।

९,) जनसेवाको कार्यमा स्वास्थको प्रथम स्थान छ। सरकारले स्वास्थ्य-को खर्चमा वृद्धि गरी रोग नहुन दिन उपाय र रोग भएकालाई निको पार्न साधन दुवैमा गतवर्ष भन्दा ज्यादैनै बढी खर्च गरेको छ। सबै कुराको विचार गर्ने हो भने गत वर्ष स्वास्थ्य सेवामा जति खर्च भएको छ, त्यसको करिब ७ प्रतिशत बढी खर्चको अन्दाजी यस वर्ष हुने भएको छ।

१०.) केवल औषधी मूलो र स्कूल पाठशालामा मात्र होइन, विभिन्न किसिमका पी विषयका उच्चतम तालिममा पनि अघि अघिका वर्ष हेरी यस वर्ष निक प्रतिशत अधिक विद्यार्थी र विशेषज्ञहरू संसारका विभिन्न देशमा पठाइएका र पठाउन भएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. आज सुव्यवस्थित शासनका निमित्त र निर्माण कार्यको निमित्त बाटो घाटोको निर्माण तार टेलिफोनको विस्तृत व्यवस्था, सरकारी घर भवनको मरमत र निर्माणको परम आवश्यकता देखिन आएको कुरा सबैमा विदित छ। यस वर्ष सरकारले यी सबै कामलाई प्राथमिकता दिएको छ र धेरै काम पनि अइसकेको छ। उदाहरणको निमित्त टीका-भैरव, हेटौंडाको बाटो, रक्सौल अमलेखगञ्जको बाटो, जोगबनी विराट-नगरको बाटो, भैरहवा तौलिहवाको बाटो। यी ३।४ ठूला बाटाका अतिरिक्त उपत्यका र अरु ठाउँमा पनि बाटो निर्माणको कार्यमा सरकारले निकै अगाडि कदम बढाइसकेको छ। टेलिफोन आदिको विस्तृत विस्तारको निमित्त हाले गहकिलो कदम उठाउँदै छ। बांध पैन र पिउने पानीको प्रबन्धमा पनि सरकारले निकै प्रगति गरिसकेको छ। वर्तमान बजेटमा निर्माण कार्यको दिशातर एक ठूलो खर्चको रकम पर गरेको छ।

१२. उपत्यकामा खाद्यको कमी पूर्ति गर्ने प्रश्नले पनि हाम्रो बजेटमा निकै ठूलो प्रभाव पारेको छ। अहिलेसम्म करीब को रु. २०,००,००० नोक्सानी बेहोर्नु गरी खर्च गरेका छौं। यस समस्यालाई सुल्झाउन सरकार प्रयत्नशील छ तापनि वर्तमान कालको लागि यसको अनिवार्यता स्वीकार नगरी सुख छैन। यो साम्नको निमित्त कृषि विका-शार्थ निकै नै योजना बनी कार्यान्वित हुन शुरु भएका छन्। यसका साथै ठाउँ ठाउँमा अझै बाढीपीडित र सुकुम्बासीहरूको पुनर्वास गर्ने प्रश्न पनि सरकारको सामुमा छँदैछ र यो प्रश्नले पनि दिन पर दिन निकै ठूलो रूप लेला भन्ने सम्भावना छ।

१३. उपरोक्त कुराको अतिरिक्त हाम्रो देश निर्माणको लागि एक ठूलो योजना तैयार भएको कुरा सबैविदित छ। यो योजना पांच वर्षमा पुरा हुने गरी बनेकोले यसलाई पञ्चवर्षीय योजना भनिएको छ। जसमा रु ३ करोड खर्च लाग्ने अनुमान भएको यस योजनाको मसौदा जनता मा वितरण पनि भैसकेको छ। यद्यपि यस योजना कार्यान्वित गर्नको लागि मित्र राष्ट्रहरूबाट बिना शर्त ठूलो मात्रामा आर्थिक सहायता प्राप्त हुन लागेको छ तापनि त्यसले नपुग थप रकम रु ४ करोड अतो हामिले नै बेहोर्न पर्नेछ। प्रशासकीय सुधारद्वारा आर्थिक चुहावलाई रोकेर विभिन्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर लगाई पांच वर्षभित्र देशको आमदानी भा रु १७ करोड पुऱ्याई सा मध्ये रु ७॥ करोड हाम्रो सामान्य खर्चमा खाहिंदा पर्ने आउने घाटा पूर्ति गर्ने र बांकी रु ९॥ करोड पञ्चवर्षीय योजना कार्यान्वित गर्नमा लगाउने तर्जुमा भएको छ।

१४.) यस वर्षभित्र जस्तो, जति विस्तारमा हाम्रो वैदेशिक सम्बन्ध भयो, त्यो कुरा सबैले थाहा पाएकै हो। वर्तमान सरकारको परराष्ट्र नीतिले हामीलाई जहाँसम्म लाग्दछ हाम्रो राष्ट्रियता र सार्वभौमिकतालाई निक्कै दरो पारेको छ। यस क्षेत्रमा खर्चको रकम निक्कै बढेको छ तापनि हामी यसलाई व्यर्थ भन्न सक्दैनौं। यसका साथसाथै राष्ट्र संघमा सदस्यताको सम्झना पनि गर्नु आवश्यक छ। यसको अलावा र यसै वर्षभित्र विश्व बौद्ध सम्मेलन र अन्य किसिमका अन्तर राष्ट्रीय सांस्कृतिक आदान प्रदानमा पनि हामीले खर्च गर्न परेको छ।

१५.] हाम्रो मुलुकको आर्थिक समस्याहरूमध्ये मुद्राको समस्या सबभन्दा जटिल छ। देशको कुनै भागमा राष्ट्रिय मुद्रा, कुनै भागमा भारतीय मुद्रा तथा कुनै भागमा दुवै मुद्राको प्रचलन भएकोलेयसको सुधार नहुंदा आर्थिक व्यवस्थामा ठूलो बाधा पारेकोको सर्वविदित कुरा हो। कारण आफ्नै मुद्रा नभएसम्म त्यसमा नियन्त्रण राखि देशको, उद्योग वाणिज्य र योजनालाई आफ्नै नीतिमाढाल्न असम्भव प्राय हुन्छ। भर मुलुकमा राष्ट्रिय मुद्राको मात्र प्रचलन गराउने हेतुले अघि भारतीय मुद्राको चलन चली भै आएको स्थानहरूमा सरकारमा दाखिल हुने माल पोत इत्यादिको लगतै राष्ट्रिय मुद्रामा राख्न लगाई राष्ट्रिय मुद्रामै असूल तहसिल गराइने र ठेक्का रकमको किस्ता सबामा बाहेक अरू सरकारमा दाखिल हुने सबै रकमको भारतीय मुद्राको सरकारको नियन्त्रित दरले राष्ट्रिय मुद्रामै बुझाउन पाउने गरिएको सबैले थाहा पाएकै कुरा हो। यसबाट मुलुकको आर्थिक समस्याको समाधानमा ठूलो मद्दत हुने कुरा निर्विवाद छ।

१६.) उपरोक्त बमोजिम सरकारले उठाएको कदम सफल गराउन नेपाल राष्ट्र बैंक स्थापना गरिएको कुरा भनिरहनु पर्ने हुँदैन। उक्त बैंकले सदरहो डिपो विभिन्न क्षेत्रहरूमा खोली काम गरि सकेको छ। शाखाहरू पनि बराबर खोलिदै छ। यो शाखा उपशाखाहरूबाट काम चालु भए पछि

आधिकारिकता मुद्रण खण्डबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय मुद्राको प्रचलनमा ठूलो मद्दत हुने आशा गरिएको छ। यस निमित्त सरकारले ठूलो रकम खर्च गर्नु परेको छ ता पनि यसबाट भविष्यमा हुने फाइदाले यो खर्च विवेकपूर्ण मानिनेछ।

(१७) यस आर्थिक वर्षको आठ महिना प्राय व्यतीत भइ सकेको छ तापनि आउने चार महिना भित्र पनि हामीले पंचवर्षीय योजनाको शिलशिलामा निक्कै नै खर्च गर्नु पर्नेछ र यसका साथै अहिलेसम्ममा पनि यो प्रस्तुत बजेटको आतरिक्त धेरै नै ठूलो रकमहरू पूरक बजेटको रूपमा खर्च भैसकेको छ। यसको सबभन्दा मुख्यकारण, विकाश कार्यमा हामीले धेर द्रुत गतिले अगाडि बढ्न परेकोले नै हो।

(१८) आमदानी पुग्नेगरी मात्र किन खर्च नगर्नु ? खर्चिला योजनाहरु किन अहिले नै गर्नु ? सामान्य खर्च पनि किन नघटाउनु ? भन्नेकसै कसैको विचार होला। तर हाम्रो मुलुक ज्यादै पिछडिएकोले अरु मुलुकको दांजोमा पुगी साथ साथै उन्नति गर्दै जाने ठूलो प्रयासको नितान्त आवश्यक छ, जसको निति प्रयाप्त मात्रामा खर्च गर्न हामी बाध्य भैरहेका छौं। यसैले गर्दा पनि आमदानीको तुलनामा बढी खर्च हुने गरी न्यूनताको बजेट प्रस्तुत भएको हो।

(१९) सभ्य कहलिएका मुलुकहरुमा यस किसिमको खर्च पुऱ्याउन साधारणतया देहायबमोजिमको उपायहरु अपनाएको आर्थिक इतिहास बाट देखिन्छः

[क] राष्ट्रिय ऋण।

[ख] धेरै मुद्रा चलन चल्तीमा ल्याउने।

[ग] कर [प्रत्यक्ष र अप्रत्यक्ष] उठाउने।

[क] राष्ट्रिय ऋण उठाउने बारे—उपरोक्त तीन उपायमध्ये हाम्रो हालको परिस्थितिमा राष्ट्रिय ऋण उठाउन सकिएला भन्न मुस्किले देखिन्छ। शायद उठिहाल्ला भनि कोशिस गरेमा पनि आमदानी भन्दा यस कामको खर्च बढने हुंदा हाल यस काममा हात नहाल्नु नै श्रेय देखिन्छ।

[ख] धेरै मुद्रा चलन चल्तीमा ल्याउने बारे— सामान्य खर्च यस तरिकाबाट पूर्ति गर्दा देशमा मुद्राको स्फिति भै उल्टो असर देशमा पर्न आउने हुंदा अर्थ नीति विरुद्ध गर्नु मुनासिब देखिन्न। नयां योजनाहरु कार्यरूपमा ल्याउन नै यो नीति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अपनाउने हो भने पनि चलन चल्ती मा ल्याइने मुद्राजतिको चाहिंदो अमानत राख्नुपर्ने नै हुँदा यो भांति अपनाएरै पनि साध्य हुने देखिन्छ ।

[न] प्रत्यक्ष वा अप्रत्यक्ष कर उठाउने वारे– माथि उपदफाहरुमा देखाएइको कारणबाट प्रत्यक्ष वा अप्रत्यक्ष करमा नै निर्भर गर्नु आवश्यक हुन आएको छ । प्रजातन्त्र भन्नु नै देशका सबै नागरिक– धनी वा गरीब – ले आफ्नु देशको शासनमा यथाशक्य जिम्मेदारी लिनु हो । हाम्रो मुलुकमा मालपोत बाहेक अरुमा अप्रत्यक्ष कर मात्र लागी आएबाट सबै साधारण जनतासमेतमा एकैनास हुन गै पूंजिवालहरुमा कुनै असर परेको छैन । अप्रत्यक्ष कर धनी वा गरीब सबैले आफ्नु गरुअनुसार तिर्ने नमई उपभोग गरे-अनुसार बेहोर्ने हुंदा प्रचलित अप्रत्यक्ष करको दर बढाउंदा वा नयां लगाउंदा पूंजिवाल र गरीबको भेद नरही एकैनासंग लाग्ने भएकोले गरीबजतिलाई ज्यादै मर्का पर्ने आउँछ । प्रजातन्त्रद्वारा लोककल्याणकारी राज्य स्थापना गर्ने नै सरकारको ध्येय भएकोले निम्नवर्गका जनताको रहन सहनको स्तर उठाउन राष्ट्रिय जीवनस्तरमा समता र सन्तुलन ल्याउन प्रत्यक्ष कर लगाउनु सिवाय अरु कुनै उपाय देखिंदैन । हुनता हाम्रो मुलुकमा धेरै धनी भन्न हुने व्यक्तिहरु कमै होलान् । यसबाट थोरै मात्र आमदानीको वृद्धि हुन आउला । तर प्रजातन्त्र भन्नु नै को धनी, को गरीब सबैले यथाशक्य आफ्नु शक्तिअनुसार देशको कार्यमा सहयोग दिनु हो । नहुनेले थोरै दिनेमा, हुनेले सकभर बढी दिने हुनु स्वाभाविक कुरा हो ।

प्रत्यक्ष कर लगाउँदा शुरुमा जनताले अनेक विघ्न बाधा ल्याइने तथा यसमा अनुभव नभएका कर्मचारीहरूले सुचारु रूपले असूल उपर गर्न नसक्ने पनि सम्भावना देखिन्छ । तर त्यसो होला भनी यो बीसौं शताब्दीमा पनि यसतर्फ कदम नउठाई बस्न समयोचित होयैन । तसर्थ प्रत्यक्ष कर बुझाउन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पिछडिएका नागरिक र असुल उपर गर्ने हीनानुभव कर्मचारी-हरूलाई यस विषयको अभ्यास गराउँदै लानलाई यही आर्थिक वर्षदेखि प्रत्यक्ष कर लगाउने गरिएको छ। सबै देशवासीहरू-ले देशको उठानको निमित्त सहयोग दिई सरकारको उद्देश्य सफल गराउन सबै देशवासीहरूलाई अनुरोध छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६

परिशिष्ट (क)

२०१३।०१४ सालको आय–व्यय गणनाको

१. सामान्य आमदानीको वर्गीयकरण

आमदानी
(रुपैयाँ हजारमा)

तेरीज

विवरण	०१२।१३ सालको बजट अनुमान मो.रु.	०१२।१३ सालको बजट अनुमान भा.रु.	०१२।१३ सालको संशोधित बजेट अनुमान मो.रु.	०१२।१३ सालको संशोधित बजेट अनुमान भा.रु.	०१३।१४ सालको बजेट अनुमान मो.रु.	०१३।१४ सालको बजेट अनुमान भा.रु.	कैफियत
[क] कर राजस्व							
१. भंसार	१८,७५	१०८,३०	१७,५०	१,१५,५४	२१,५०	१,६४,०५	
२. आयकर	०	०	०	०	०	०	
३. अन्तःशुल्क रकमठेका	२,८१	१९,८४	३,९१	१०,२८	३,४३	२५,२८	
४. [क] मालपोत	६२,४७	७३,८०	१०,७८	८१,५५	४९,८६	८१,५५	
[ख] गुठी	४,६९	५,७७	७,१७	८,३७	६,०२	६,५३	
५. लिफा	०	०		०	०	०	
६. बन	५६	३८,००	१,१२	४५,९४	१,६१	४६,२३	
७. रजिष्टेशन	२,७६	१,३४	३,१७	१,२८	३,२५	१,८७	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. सवारी कर	०	०	०		०	०
९. अरूकरहरु (मनोरञ्जनकर)	३,३२	८१	२,९६	४६	३,८०	६५
कर र माळपोतको जम्मा	७६,३७	२,५८,८६	९५,८९	२,५०,४२	९९,४७	३,२६,१६
[ख] यातायात						
१०. रेल्वे	०	८,२२	०	९,९२	०	९,५०
११. रोपवे	६,१०	०	६,६१	०	८,४२	०
१२. ट्रली	३५	०	८०	०	४०	०
यातायातको जम्मा	६,४५	८,२२	७,४१	९,९२	८,८२	९,५०
[ग] सिंचाई						
१३. सिंचाई	०	५७	०	०	१	५४
[घ] संचार						
१४. डुलाक	२,४३	६	२,८०	१	२,८०	१
१५. टेलिफोन	४४	१३	७१	११	७१	११
१६. आकाशवाणी	३५	५२	२२	२७	३१	६४
संचारको जम्मा	३,२२	७१	३,७३	३९	३,८२	७६
[ङ] निजामती राज्यव्यवस्था						
१७. न्याय	३,६९	३,८७	५,७२	४,२३	५,७०	४,८२
१८. शिक्षा	४२	१	४२	१	४२	१
१९. स्वास्थ्य	९,२१	०	१,१५	०	१,१७	०
२०. उद्योग र वाणिज्य र पूर्ति	५	६४	८	८२	९[illegible]	८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. हवाइ विभाग	०	१,२०	०	१,२८	०	१,४२
२२. कृषि	२६	०	२६	०	२६	०
[च] रोड शेष						
२३. रोड शेष	५,६३	५,८२	७,६३	६,३४	७,६४	७,०६
[छ] बिजुली						
२४. बिजुली	३०	१,८०	३७	१,२८	३७	१,२८
[ज] टकसार						
२५. टकसार	४,८६	०	५,०१	०	५,०२	०
[झ] विदेश सरकार-बाट प्रोजेक्ट						
२६. विदेश सरकारबाट प्रोजेक्ट	३८,६२	०	४०,००	०	४०,००	०
[ञ] छपाइ						
२७. छपाइ	१०	१०,००	०	१०,००	०	१०,००
[ट] विविध						
२८. विविध	१२	१	१३	१	१३	१
	१,८१	७०	१,५६	६४	१,७०	६९
सामान्य आमदानीको जम्मा	१,३७,५१	२,७६,६९	१,५१,७३	२,९८,४०	१,५६,४८	३,५६,०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. विशेष आमदानी

[क्याप्पबल]

पब्लिक रकम डि एन्ड एम्.एकाउन्टबाट सापटी)	०	३८८१	०	२८८१	०	३०००
रकसार	२३३८	०	२७९२	०	३५००	०
विशेष आमदानीको जम्माः—	२३३८	३८८१	२७९२	३८८१	३५००	३०००

३. सामान्य र विशेष आमदानीको जम्मा

सामान्य आमदानी	१३७५१	२७६६९	१५१७३	२९८९०	१५९८	३५६०३
विशेष आमदानी	२३३८	३८८१	२७९२	३८८१	३५००	३०००
सामान्य र विशेष आमदानीको जम्मा	१६०८९	३१५५०	१७९६५	३३७७१	१९१९८	३८६०३

आधिकारिक छाप्पा विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिशिष्ट [ख]

१ २०१३।१४ सालको आय–व्यय गणनाको सामान्य आमदानीबाट बेहोरिने खर्चको वर्गीयकरण

[खर्च]

तेरिज

(रुपैयां जारमा)

विवरण	०१२।१३ सालको बजेट अनुमान		०१२।१३ सालको संशोधित बजेट अनुमान		२०१३।०१४ सालको बजेट अनुमान					
					साधारण		नयाँ		जम्मा	
	मो. रु.	भा. रु.	मो. रु.	भा. रु.	मो. रु.	भा. रु.	मो. रु.	भा. रु.	मो. रु.	भा. रु.
कर र पातबाट बेहोरिने खर्च										
१. भन्सार —	२१७	६१०	१८६	४९८	५०९	५०९	२६८	६५	४७७	५७४
२. आयकर —	०	०	०	०	०	०	०	०	०	०
३. अन्तःशुल्क —	३४	२५	३३	०	३३	०	०	०	३३	०
४. पन्चायतकर	०	०	०	०	०	०	०	०	०	०
५. मालपोत गुठी	१५३९	८४६	१४७६	८४४	४८३	८४९	९४	०	१५७३	८४९
६. टिकट फि —	०	०	०	०	०	०	०	०	०	०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपिहरूमा मात्र लागु हुनेछ।

७, रजिष्टेशन—	६३	१३	६२	१२	६२	१२	०		६२	१२
८. बस —	३४१	५४३	३१५	६८५	३४०	८३७	०	४	३४०	८४१
९. सवारी कर	०	०	०	०	०	०	०	०	०	०
१०. अरू करहरू। (मनोरञ्जनकर)—कर र पोतेबाट बेहोरिने	२	०	२	०	५	०	०	०	२	०
जम्मा	१२१६६	२४३७	२०७४	२३३६	२१२८	२२०७	३५८	६९	२४८७	२२७६
यातायात										
११. रेल्वे —	०	६५५	५	५४६	८	६६१	०	७१	८	७३२
१२. रोप्वे —	४७०	३०२	४६१	३८	४४४	४०	२६	४००	४७०	४४०
१३. मोटर ट्रली —	१०१	७	६०	७	६४	७	०	०	६४	७
यातायातको जम्मा	५७१	६६४	५५६	५९४	५१६	७०८	२६	४७१	५४२	११७६
सिंचाइ										
१४. सिंचाइ —	५१	२०३	५१	२३३	४६	१९८	३	१९	४९	२१७
संचार										
१५ डुलाक —	६७०	२२५	४७४	१६०	४७४	१६०	०	०	४७४	१६०
१६, टेलिफोन—	१८०	१३०	१५१	१११	१५५	१३०	०	३६	१५५	१६६
१७, आकाशवाणी	७०	१४७	६१	९०	७३	११७	१२	१२	८५	१२६
संचारको जम्मा	९२०	५०२	६८६	३६१	७०२	४०७	१२	४८	७१५	४५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. अजामती राज्यव्यवस्था										
१८. साधारण राज्यव्यवस्था										
क, मन्त्रीहरू	१६५	१	९०	०	२९०	०	०	०	२९०	०
ख, मन्त्रिहरूको सचिवालय	७५	२	५२	१२	११७	२४	०	०	११७	२४
ग, नेपाल सरकार सचिवालय	१६५८	७२	१४२४	५१	१४७१	६२	६८	३५	१५३९	९७
घ, पब्लिक सर्भिस कमिशन	५०	५	४३	५	४४	५	१	०	४५	५
च, प्रान्तीय व्यवस्था	७८६	६८०	५९१	५९६	७३४	७१९	९	४	७४३	७२३
ङ, विविध										
१, निर्वाचन कमिशन	३५५	१५३	२०७	९	९४८	३६५	४	३	९५२	३६८
२, सल्लाहकार सभा	२१४	१५	०	०	४२८	३०	०	०	४२८	३०
३, संख्या विभाग	१६२	०	२१९	०	१३७	०	०	०	१३७	०
१९. अडिट [लेखा नियन्त्रण]	४०६	२४	३८९	१	३८५	२१	३	०	३८८	२१
२०. न्याय व्यवस्था	१२०६	५५५	१००४	५१४	१०१२	५१०	५१	२२	१०६३	५३२
२१. पुलीस	१९१२	३६०२	३३८	२०६५	३३९३	२०७०	२०	३८९	३४१३	२४५९
२२. जेल	५३९	४७३	५४९	२३८	५४९	२३८	०	०	५४९	२३८
२३. परराष्ट्र	५५	७९५	६७	७२२	४३	७२१	१	२६०	४४	९८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

२४. वैज्ञानिक विभाग										
क. खानी	१५०	३०	७९	६	११२	५	१	०	११३	५
ख. म्यूजियम	३८	०	३४	०	३४	०	०	०	३४	०
ग. आर्कियोलजी [पुरातत्व]	४८	४	४४	२	४१	२	०	०	४१	२
घ. सर्भे	१२५	६२	८२	१	८२	१	१२	५	९४	६
२५. शिक्षा	१७७४	२३१६	१७०६	७९७	१५५०	७११	२९९	२२१	१८४९	९७२
२६. स्वास्थ्य	८३९	८०८	७३७	८५३	७८२	८५६	२५	२८	८०७	८८४
२७. खाद्य	९३	२	८९	१५	६५	२	०	०	६५	२
२८. कृषि	८०७	५९६	४१७	७३	५९२	१८६	२	०	५९४	१८६
२९. पशुचिकित्सा	८६	९८	५७	५२	७४	८४	०	०	७४	८४
३०. उद्योगवाणिज्य	९१	१३	८३	६	८५	७	०	१०५	८५	११२
३१. हवाइ विभाग	८२	७१	६५	१७	८३	२३	०	०	८३	३
३२. बोर्डकाष्ठिङ्ग	१३०	८७	८३	५	१०५	५	८	८२	११३	८७
३३. विविध विभाग										
क. प्रचार —	२२	४८	१५	३६	२८	४८	०	०	२८	४८
ख. अतिथि सत्कार	१२८	६६	१०१	६६	८८	६५	१२	२	१००	६७
घ. पंचायत म्युनिसिपलिटी	३५०	८५	१४६	५४	३५१	६०	०	०	३५१	६०
ङ. पानी	२२३	२७६	८४	८	७८	८	३१७	४७५	३६५	४८३
च. वारुणयन्त्र	६३	४६	६१	१	६८	५	०	४९	६६	५४

आधिकारिकता प्रमाणीकरणबाट प्रमाणीत गरिएपछि मात्र लागु हुनेछ।

छ. पाइदानी	८	०	८	०	८	०	०	०	८	०
ज. छापाखाना	१११	५१	६६	४५	८७	५१	०	०	८७	५१
झ. चिडियाखाना	३८	०	३८	०	३८	०	०	०	३८	०
ञ. विविध भड्डा	३४८	४७	१८२	१	२५०	१६	०	५५	२५०	७४
निजामती राज्यव्यवस्थाको जम्मा	१३१५७	१००५६	१२१३०	६२४४	१४१४३	६६४	८३३	१७३५	१४९७६	८६७८
निर्माण										
३४. घरकाज—	७७६	४३८	२८६	६१	१०८	६०३	५५०	१८१	१५६८	७८४
३५. सडक—	३५५	१५५	२६१	७६	२७२	८३	१	६५७	२७३	७४०
निर्माणकोजम्मा	११३१	५९३	५४७	१४०	१२९०	६८६	५५१	८३८	१८४१	१५२४
बिजुली										
३६. बिजुली	२५८	५०	२५४	४९	२५५	५०	२	०	२५७	५०
टकसार										
३७. टकसार—	३१०	२४२८	४११	२०७७	४८७	२१२४	०	०	४८७	२१२४
रक्षा										
३८. रक्षा—	१०८८८	३१२४	११८६२	१८६१	१०४३०	२९१५	१२	०	१२४४२	२९१५
श्री ५ महाराजाधिराज र मौसूफका परिवार										
३९ श्री ५ महाराजाधिराजतर्फ	५००	३४८	७६५	३४५	७०५	३४०	०	०	७०५	३४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको प्रति प्राप्त लागु हुनेछ।

४०. श्री ५ बडाम-हारानीहरूतर्फ	५०	५	५०	५	५०	५	०	०	५०	५
४१. श्री ५ युवराजाधिराजतर्फ	२००	२८	२००	२८	२००	२८	०	०	२००	२८
४२. श्री ५ का अरू परिवार तर्फ	१०२५	२७६	१०२५	२७८	१०२५	२७८	०	०	१०२५	२७६
श्री ५ तर्फको जम्मा	१९७५	६५९	२०४०	६५६	१९८०	६५१	०	०	१९८०	६५१
विविध										
४३. खाद्य खरिदबिक्रीबाटोकसानी	५००	५००	०	३४४४	३००	७००	०	०	३००	७००
४४. बन्दा	१००	१३३	१५०	२११	१००	१३७	०	१२९	१००	२६६
४५. स्टेट प्लेन	२२	५७२	२	२५५	२६	८५३	०	०	२६	८५३
४६. पेन्सन	६२६	११८	६००	११८	५४४	११९	५	०	५४९	११९
४७. राजनैतिक पीडितहरूलाई सर्वस्व फिर्ता	१०	१०	४	३	१०	१०	०	०	१०	१०
४८. राजनैतिक आन्दोलनमा घाइते भएकाहरू मरेकालाई सहायता							१००	०	१००	०
४९. तलबको दरबन्दी लागू गराउने	०	०	०	०	०	०	०	०	०	०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०. विशेष पटके खर्च	०	०	०	०	०	०	०	०	०	०	
५१ विविध	८३५	१९९१	२००७	१८०२	४७३	७२५	०	०	४७३	७२५	
विविधको जम्मा	२०९३	३३२४	२७६३	५८३३	१४५३	२५७४	१०५	१२९	१५५८	२७०३	
सामान्य आमदानीबाट बेहोरिनेखर्चको जम्मा	३३३१२	२४३४०	३३३७४	२०३८७	३५४३१	१९४६३	१९०२	३३०९	३७३३३	२२७७२	

क्यापिटल

२. विशेष खर्च

भन्सार	०	०	०	०	०	०	०	१०७५	०	१०७५	
रेल्वे	०	०	०	०	०	०	०	९४	०	९४	
ब्वाइन्डफण्ड	८५	१७९८	९७	२१३८	०	०	७३७	१८५९	७३७	१८५९	
हवाई	०	१५०	०	०	०	०	०	०	०	०	
घरकाबट सडक	१४४५	१५८२	०	०	०	०	०	०	०	०	
बिजुली	३६१	२५१	१४९	५०२	०	०	५०	५०	५०	५०	
रक्षा	०	१००	०	०	०	०	०	०	०	०	
चन्दा	०	०	०	०	०	०	०	३८	०	३८	
विशेष खर्चको जम्मा	१८२१	३८८१	११२२	२६४०	०	०	७८७	३११६	७८७	३११६	

३. साधारण विशेष खर्चको जम्मा

साधारण खर्च	३	२४३४०	३३३०४	२०३८७	३५४३१	१९४६३	१९०२	३३०९	३७३३३	२२७७२	
विशेषखर्च	१८२१	३८८१	११२२	२६४०	०	०	७८७	३११६	७८७	३११६	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साधारण र विशेष खर्चको

जम्मा	।३५५०३	।१८२२१	।३४४९६	। २२०२७	।३२६३१	।१९४६३	।२६८९	।६४९५	।३८१२०	।२५८८८

परिशिष्ट [क] बमोजिम जम्मा आमदानी र [ख] बमोजिमको जम्मा खर्चको अनुमानबाट हुन आउने आधिक्य [+] र न्यूनता [—] -१८९२२+१२७१५

आधिक्य भएको भा. रु. १२७१५को सयकडा १२८ ले घटहोनदी हुने मोरु, +१६२७५ -१२७१५

खुद न्यूनता अनुमान न्यून भएको -२६४७ ×

नोटः—

१. अनुमानित आमदानी मो.रु. १५६९८, भा.रु.३५६०३ देखाएको र तापनि सरकारबाट प्रकाश भएको विज्ञप्तिबाट निम्नलेखिएका रकमसंग भा. रु. आउने अरु भा. रु. १०० को मो. रु. १२८ का दरले मो.रु. आउने भएकोले २०१३।०१४ सालछाई निम्न लेखिए बमोजिम आमदानी हुन आउने अनुमान भएको ४२३७३ १४७६३.

नेपाल भारत उद्योगवाणिज्यसम्बन्धी अन्तःशुल्क र पैंठारी फिर्ता भै आउने — ६८००.

भारत सरकारबाट आउने प्रिजेन्ट— — १०००.

अन्तःशुल्क (ठेक्का) — — — — ५२८.

लकडी [ठेका] — — — ४४३५.

भा. रू. २०८४० को मो. रु. १२८ का दरले आउने — २६६७५

लगती मो. रू १५६९८

२. सरकारबाट प्रकाश भएबमोजिम विज्ञप्तिले भा.रू. तलब भत्ता खानेलाई मो.रू. तलब भत्ता दिई त्यसको सयकडा २८ स्थानीय भत्ता थप दिनु पर्ने भएकोले निम्न लेखिएबमोजिम खर्च हुने अनुमान भएको ४३७६५ १७७४७.

उपरोक्त मो.रू. ३७३३३ मा भा.रू. तलब ७५०२५ र त्यसको सयकडा २८ ले थप स्थानीय भत्ता मो. रू, १४०७ थप्दा हुने मो. रू, ४३७६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भा. रू. २२७७२ मा भो. रू. तलब जाने ५०२५ कट्टी गर्दा बांकी भा. रू.		१७७४७		
३. उपरोक्त [१] को आधारमा हुने आमदानी		४५८७३		१७७६३
(क) सामान्य आमदानी	४२३७३	१४७६२		
(ख) विशेष आमदानी	५५००	३०००		
४, उपरोक्त (२) को आधारमा हुने खर्च			४४५५२.	२०८६३.
[क] सामान्य खर्च	४३७६५.	१७७४७.		
(ख) विशेष खर्च	७८७.	३११६.		
५, उपरोक्त (३) बमोजिमको आमदानी र (४) बमोजिम खर्चको अनुमानबाट हुने आधिक्य [+] र न्यूनता (—)			+१३२१.	—३१००.
न्यूनतो भएको भा; रू. ३१०० पूर्ति गर्न १२८ ले चाहिने भो. रू.			—३९६८	+३१००.
खुद न्यून हुन आउने			-२६४७.	—

आज्ञाले—
नीरराज,
सेक्रेटरी—अर्थमन्त्रालय,

गोरखापत्र छापाखानामा मुद्रित मेजर प्रेमराज शर्मा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।